# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०९।०६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला काठमाडौं शंखरापुर नगरपालिका वडा नं. ७ साँखु स्थित नापी कार्यालय, साँखुमा कार्यरत अमिन सुशील बुढाथोकीले सेवाग्राही ज्ञान बहादुर कार्कीसँग जग्गाको ट्रेस नक्सा बनाई दिए वापत घुस/रिसवत रु. ४,०००/- (चार हजार) सहित लिने दिने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले उक्त रकमसहित निजहरु दुवैलाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा अमिन सुशील बुढाथोकीले प्रवेश भन्ने ज्ञान बहादुर कार्कीसँग रु. ४,०००।– नक्साको ट्रेस बनाई दिएवापत घुस/रिसवत लिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु. ४,०००।–(चार हजार) कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी उक्त घुस रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन मागदाबी लिइएको छ ।

साथै प्रवेश भन्ने ज्ञानबहादुर कार्कीले नापी कार्यालय साँखुका अमिन सुशील बुढाथोकीलाई रु. ४,०००।– नक्साको ट्रेस बनाई दिएवापत घुस/रिसवत दिएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (३)को कसुरमा निजलाई बिगो रु. ४,०००।–(चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (३) ले निर्देश गर बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) खण्ड (क) बमोजिम सजाय गरी उक्त घुसवापतको रकम जफत हुनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला